नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :-
च.नं. :-

मिति : २०७५।०८।१०

## प्रेस विज्ञप्ति

२०७५/०८/१० मा सम्माननीय प्रधानमन्त्रीज्यूको समुपस्थिति तथा माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री -अध्यक्ष, माननीय राष्ट्रिय योजना आयोगका उपाध्यक्ष -सहअध्यक्ष, राष्ट्रिय योजना आयोगका सदस्य(शिक्षा हेर्ने) र सम्बन्धित मन्त्रालयका सचिवहरु सदस्य रहनु भएको **निर्देशक समिति** तथा डा.रुद्र सुवाल-संयोजक, डा. माधव प्रसाद दहाल-सदस्य, डा. इन्दिरा पराजुली-सदस्य,डा. धुव्र कुमार गौतम - सदस्य, डा. विश्ववाला शाह थापा-सदस्य,डा.विजय दत्त-सदस्य, डा.राजेश अहिराज झा-सदस्य रहेको **"जनशक्ति प्रक्षेपण कार्यदल"** को बैठकमा सम्माननीय प्रधानमन्त्रीज्यूले तपशिल बमोजिमका निर्देशन दिनुभयो ।

**सम्माननीय प्रधानमन्त्री ज्यूबाट भएका निर्देशनहरु :**

१. "समृद्ध नेपाल सुखी नेपाली" को राष्ट्रिय लक्ष्य हासिल गर्न मानवीय तथा गैर मानवीय स्रोतको समुचित प्रयोग, परिचालन तथा प्रवर्द्धन गर्नुपर्ने हुन्छ । सोका लागि देशमा उपलब्ध जनशक्तिको अवस्थाका सम्बन्धमा विश्लेषण गर्नुपर्ने हुन्छ । कुन क्षेत्रमा कति, कस्तो सीप भएका, कति उमेर समूहका, कस्तो किसिमका जनशक्ति छन्, तिनलाई हामीले कुन कुन क्षेत्रमा के कति खपत गर्न सक्छौं ? अब हाम्रो द्रुततर विकासको लक्ष्य हासिल गर्न हामीले के कस्ता किसिमका जनशक्ति कति वर्ष भित्र तयार गर्न सक्छौं? हाम्रा विद्यालय, प्राविधिक विद्यालय, विश्वविद्यालय, CTEVT, सीपमूलक तालिम केन्द्रहरुले उत्पादन गरेका जनशक्तिको अवस्था के कस्तो छ? र कस्ता जनशक्ति कति आवश्यक छ ? कति जनशक्ति अपुग छ ? अहिले भइरहेको संरचनाहरुले उत्पादन गरेको जनशक्ति द्रुततर विकासका सहायक हुन सक्छन् कि सक्दैनन्? तिनीहरु Global compition मा कतिको खरो उत्रन सक्छन् ? नपुग जनशक्तिलाई हामीले कसरी उत्पादन गर्न सक्छौं ? भएकालाई कसरी विकासका लागि आवश्यक जनशक्तिमा रुपान्तरण गर्न सक्छौं ? कति समयमा कस्तो कस्तो सीप युक्त जनशक्ति के कति संख्यामा उत्पादन गर्न सक्छौं? तीनलाई कसरी कहाँ कहाँ परिचालन गर्न सकिन्छ सो को यथार्थ परक विश्लेशण गर्दै थप मानव स्रोतको आंकलन गरी मानव संसाधन विकासमा ध्यान दिइ दक्ष जनशक्ति उत्पादन एवं परिचालन गर्न अध्ययन, अनुसन्धान र प्रक्षेपण गर्ने,



टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०२१, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२ काठमाडौं, नेपाल
इमेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np

२. बाँकी दुनिँयामा जतिवेला अन्धकार थियो त्यसबेला हाम्रा पुर्खा ज्ञानको सिर्जना गर्थे, संग्रह गर्थे विस्तार गर्थे । ज्ञान भनेकै यहाँ उत्पन्न हुन्थ्यो त्यसलाई यहीं संग्रहित र विस्तारित गर्ने गरिन्थ्यो। यहाँ विभिन्न विषयमा रिसर्च हुने गर्थे । यहाँ वरिपरिका विषय देखि खगोलसम्मका विषयमा अनुसन्धान हुन्थ्यो । मानव सभ्यताको विकासक्रमको सुरुवातमा विकासको मामिलामा धेरै अगाडी रहेको यो पूर्वीय सभ्यता ज्ञान, विज्ञान, संस्कार, सभ्यताको उर्भर भूमिमा, मानवजातीले यति विकास गरेको ठाउँमा हाम्रो यस्तो सुन्दर, उर्वर ठाउँमा हाम्रा नागरिक कामका लागि भौंतारिनु विडम्बना हो । यसको अन्त्य हुनै पर्छ । हाम्रो यो गौरवशाली परम्परालाई कसरी फेरी व्यूत्याउन सकिन्छ, कसरी विकासको केन्द्रविन्दुको रुपमा फेरि विकास गर्नका लागि कस्तो मानव स्रोत आवश्यक पर्दछ सो को प्रक्षेपण गर्ने,

३. मुलुकको आर्थिक सुचाङ्कहरुबाट हाम्रो व्यापार घाटा झण्डै ८ खर्ब रहेको देखिन्छ । हाम्रो देशको आर्थिक गतिविधिमा मुख्य हिस्सा ओगट्ने व्यापार, मुख्यतयाः आयातमा आधारित छ, आयातमा सबै भन्दा ठुलो हिस्सा पेट्रोलियम पदार्थको रहेको छ, व्यापार घाटा कम गर्न यसलाई प्रतिस्थापन गर्नुपर्ने हुन्छ, आयातमा व्यापार घाटा कम गर्न हामीसंग उल्लेखिय विकल्प नभएको अवस्थामा हाम्रो देशको दैलेख, दाङ्ग, सुर्खेत, मोरङ्ग लगायत स्थानमा रहेका पेट्रोलिम पदार्थ हामी आफैले जसरी पनि उत्खनन् गर्नुपर्ने हुन्छ ।उत्खनन् एवं High Level Technology का विषयमा उच्च दक्ष जनशक्ति आवश्यक पर्दछ त्यस्ता जनशक्तिको आवश्यकता, उपलब्धता र आगामी दिनमा कति उत्पादन गर्नु पर्छ सो को अनुसन्धान, अन्वेषण, गर्न सक्ने किसिमको जनशक्ति तयार गर्न हामीलाइ कति समय लाग्छ, सो को प्रक्षेपण गर्ने,

४. मुलुकको व्यापार घाटा कम गराउन सक्ने अर्को क्षेत्र उद्योग हो ।हाल GDP मा ६ प्रतिशतको हाराहारीमा योगदान गरिरहेको उद्योग क्षेत्रलाई विकास गर्न, उद्यमशीलताको विकास गर्ने, उत्पादकत्व वृद्धि गर्न हामीलाई के कस्तो किसिमको जनशक्ति आवश्यक छ सो को प्रक्षेपण गर्ने,

५. हामीले वैदेशिक लगानि भित्र्याउने भन्यौ, वैदेशिक लगानि भित्र्याउनुभन्दा अगाडी हाम्रो अवस्था के छ? कति लगानी भित्र्यायौं, पूर्वाधार विकासमा जनशक्ति विकासमा कति बाह्य सहयोग छ ? पूर्वाधार विकासको लागि हामीलाई कस्तो जनशक्ति आवश्यक छ? कति तालिम तथा प्रशिक्षण



टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०२१, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२ काठमाडौं, नेपाल
इमेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np

गरियो ? हामीसँग उपलब्ध स्रोतहरुको आधारमा जनशक्तिको प्रक्षेपण लगायतका विषयमा vision तयार गर्ने,

६. विकास र रुपान्तरणका लागि नागरिकलाई उत्प्रेरित गर्दै योजनाबद्ध रुपमा डोऱ्याउन आगामी वर्षको लागि विकासको प्राथमिकता के हुने, के के विषयमा विकास गर्ने, कुन क्षेत्र, कुन विषय, कुन लोकेसनमा विकास गर्ने? विकास बाधाकहरुको सहि पहिचान गरी नागरिकलाई/ जनतालाई अनुभुत हुने गरी, जगाउने गरी विकासलाई तिव्र गति दिन आवश्यक मानव संसाधनको प्रक्षेपण गर्ने,

७. हामीले अब अन्दाजका भरमा होइन तथ्यमा आधारित कृषि, उद्योग, पर्यटन तथा सेवाका क्षेत्रहरुलाई प्रवर्द्धन गर्दै आधुनिकीकरण मार्फत "सुशासन र विकास" हासिल गर्न अग्रसर हुने किसिमको जनशक्ति तयार गर्ने,

८. लोकतन्त्रलाई संस्थागत गर्न, बुझ्न समृद्ध सुसंस्कृत राजनीतिक चेतना युक्त नागरिक उत्पादन परिचालन तथा उचित व्यवस्थापन गर्न प्रविधिमैत्री आवश्यक जनशक्तिको प्रबन्ध गर्ने,

९. विदेशमा रहेका युवाहरुलाई आकर्षण गर्ने, उनीहरुले विदेशमा हासिल गरेको ज्ञान, सीप, क्षमता को उचित पहिचान गरी समग्र देश विकासमा उपयुक्त क्षेत्रमा आवद्ध गराउने,

१०. मुलुकमा उपलब्ध दक्ष, अर्ध दक्ष तथा अदक्ष जाशक्तिको पहिचान, वर्गिकरण, क्षमता विकास मार्फत योगय बनाई, आकर्षक रोजगारीका अवसरहरु सिर्जना गर्ने ।साथै विश्वव्यापीकरणले सिर्जना गरेका नविन रोजगारीका अवसरहरुको पहिचान गरी सो अनुरुपको प्रविधियुक्त जनशक्ति उत्पादन गर्ने र यस्ता जनशक्ति उत्पादन गर्नका लागि आवश्यक संरचनाहरु : विश्वविद्यालय, विद्यालय, प्रशिक्षण एवं अनुसन्धान केन्द्रको आवश्यकताको प्रक्षेपण गर्ने,

११. मुलुकमा अपुग रहेको दक्ष जनशक्तिको आवश्यकताको प्रक्षेपण गर्ने र आवश्यकताको परिपूर्तिको लागि उपाय समेत सुझाउने,

१२. विकासको लागि समग्र क्षेत्रको तथ्य तथ्याङ्क हामीलाई चाहिन्छ यसले समग्र देश विकासको लागि खाका तयार गर्ने साथै गन्तव्य निर्दिष्ट गर्न सहयोग गर्छ,

१३. शिक्षा, स्वास्थ्य जस्ता आधारभूत पूर्वाधारहरुमा आवश्यक जनशक्ति को कमी हुन नदिइ जनशक्ति व्यवस्थापन गर्ने,



टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०२१, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२ काठमाडौं, नेपाल
इमेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np

नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :-

च.नं. :-

मिति :..........................

१४. स्थानीय सरकार र सम्बन्धित संघ संगठनसँग समन्वय गरी स्थानीय तहमा हालको अवस्थामा रहेको जनशक्ति के कस्तो अवस्थामा उपलब्ध छन्, विकास पूर्वाधार लगायतका क्षेत्रमा आगामी दिनमा के कस्तो जनशक्ति आवश्यक पर्दछ, सो को प्रक्षेपण गर्ने,

१५. भाग्यका भरमा होइन तथ्यमा आधारित रहेर योजनाबद्ध काम गरी लक्ष्यमा पुग्ने परिपाटीको विकास गर्नको लागि सही रुपमा मानव स्रोतको प्रक्षेपण र मानव संसाधन विकास आवश्यक पर्दछ,

१६. सुशासन कायम गर्न नँया ढंगले आधार प्रदान गर्ने, काम गर्ने स्प्रिट बदल्ने, द्रुततर विकासमा जोड दिने । तथ्यमा आधारित प्रतिवेदन बनाउने तर प्रतिवेदन बुझाउन हतार नगर्ने किन भने यो नै आगामी दिनमा विकास र समृद्धिको मार्गदर्शक भई यसै अनुरुप आगामी नीति तथा कार्यक्रम र प्राथमिकताका क्षेत्रहरु निर्धारण हुन्छन् ।

०७५।८।१०

(विनोदबहादुर कुँवर)
प्रवक्ता



टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०२१, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२ काठमाडौं, नेपाल
इमेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np